# नोवेल कोरोना भाइरस (COVID-19) एवम् प्राकृतिक विपद्बाट प्रभावित सङ्कटासन्न समूहको संरक्षणका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८

(संशोधन असार २०७९)

## प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समिति
## **मधेश प्रदेश**

Protection Cluster Nepal
संरक्षण समूह नेपाल

प्रदेश नं. २

महिला, बालबालिका, युवा
तथा खेलकुद मन्त्रालय

प्रदेश नं. २

## १. वर्तमान अवस्था

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा नोभल कोरोना भाइरस (कोभिड १९) बाट हालसम्म १८,८६,५५,९६८ जना संक्रमित भएका छन् भने जम्मा ४०,६७,५१७ जनाको मृत्यु भइसकेको छ[1] । विश्वभर १,४४,८२,४२,८९९ जनाले खोप लगाईसकेका छन् । नेपालमा ७,०९,४३७ जना संक्रमित भैसकेका छन् भने कूल ९,४६३ जनाले ज्यान गुमाएका छन् । साथै कोभिड १९ को संक्रमणलाई जित्नेको संख्या ६,२६,४६८ रहेको छ । हाल नेपालको निको हुने दर ९४.६ प्रतिशत रहेको छ । नेपालमा जम्मा ११,०८,८६८ जनाले खोपको दोस्रो मात्रा लगाएका छन् भने पहिलो मात्रा मात्र लगाउनेको संख्या २६,२१,४७६ रहेको छ । प्रदेश नं २ मा मात्र हालसम्म ३७,४२५ जनामा संक्रमण देखिएको छ । ती मध्ये जम्मा ९९८ जनाको मृत्यु भएको छ र ३५,५३३ जना निको भई घर फर्किसकेका छन्[2] । अझै पनि ३१ जना अस्पतालको आइसोलेसन वार्डमा र ८६३ जना होम आइसोलेसनमा रहेका छन् । हाल प्रदेश नं. २ मा क्वारेन्टाइन सञ्चालनमा रहेका छैन । यस प्रदेशका कूल ८३,७७५ जना (४६५५८ कोभिसिल्ड र ३७४१७ भेरोसेल) ले खोपको दुबै मात्रा लगाएका छन् भने ३,९३,५६५ जना (कोभिसिल्ड ३,२०,५३२ र भेरोसेल ७३,०३३) ले पहिलो मात्रा लगाएका छन् ।[3]

कोभिड १९ को पहिलो छालताका तेस्रो मुलुकबाट फर्किएका नेपालीहरुमा संक्रमणको संख्या बढी पाइएको थियो भने दोस्रो छालताका तेस्रो मुलुकबाट फर्किएकाहरुमा केही मात्रामा र भारतबाट फर्किएका व्यक्तिहरुमा बढीमात्रामा संक्रमण देखिएको थियो । मुख्य रुपमा नेपालको पूर्व, पश्चिम र दक्षिण सीमाना भारतसँग जोडिएको र अधिकांश खुल्ला सीमानाकाहरुबाट लुकीछिपी आवतजावत गर्नेहरुको संख्या तथ्यांक विहिन भएकोले वर्तमानमा जस्तै आउँदो समयमा हुन सक्ने कोभिडको तेस्रो वा अन्य लहरहरु भएमा नेपालमा कोरोना संक्रमण बढ्न सक्ने देखिन्छ । कोभिड १९ को दोस्रो लहर आउने बारेमा जनस्वास्थ्य विज्ञहरुबाट पूर्व जानकारी भइरहदा तथा छिमेकी देश भारतमा ठूलो सङ्ख्यामा मानिसहरु कोभिड १९ को नयाँ प्रजातिबाट सङ्क्रमित भइरहेको तथ्याङ्क सार्वजानिक भइरहदा स्थानीय, प्रदेश र संघ तीनै सरकारबाट अग्रिम सावधानीका कदमहरु नचालिनु र जनसमुदायले समेत कोभिड १९ प्रतिको स्वास्थ्य मापदण्ड पालना नगर्नुको परिणाम नेपालमा अकल्पनीय रुपमा ठूलो सङ्ख्यामा सङ्क्रमणबाट मृत्यु भइरहेको छ । त्यसैले हाल चर्चामा रहेको कोभिड १९ को तेस्रो लहर लगायतका प्राकृतिक विपद्हरुको सामना गर्न पूर्व तयारी र प्रतिकार्य योजना अनुरुप अगाडि बढ्नुको विकल्प छैन ।

कुनै पनि महामारी, प्राकृतिक प्रकोप र द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित हुने तथा जोखिममा रहने महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई **सङ्कटासन्न समूह**का रुपमा लिने गरिएको छ । विगतका द्वन्द्व तथा प्रकोपका घटनाहरूले समेत यसलाई प्रमाणित गरेको छ । अन्तर-निकाय स्थायी समितिको विपद्मा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगसम्बन्धी निर्देशिकाअनुसार विभिन्न समस्याका कारणले महिला (गर्भवती र सुत्केरी), बालबालिका, वृद्धवृद्धा, गम्भीर सामाजिक कलङ्क भोगिरहेका मानिसहरू (तल पारिएका जातजातिहरू, व्यावसायिक यौनकर्मीहरू), हिरासतमा परेका मानिसहरू, हिरासतमा पर्नसक्ने जोखिम भएका युवाहरू, अपहरण वा हिंसामा लक्षित गरिएका वर्गहरू, अति गरीब मानिसहरू, शरणार्थीहरू, आन्तरिक रूपमा विस्थापित र असामान्य अवस्थाहरूमा बसाईं सरेकाहरू, मानसिक तथा शारीरिक वा अपाङ्गताका साथै दीर्घरोग भएका व्यक्तिहरू **उच्च जोखिममा पर्न सक्ने समूह**मा राखिएको छ । मानवअधिकार उल्लङ्घनका घटनाहरू जस्तैः यौन तथा लैङ्गिक हिंसा, अपहरण तथा जवर्जस्ती विवाह, बालबालिका परिवारबाट अलग हुने तथा हेरचाहकर्ता विहिन हुने, बालश्रम र शोषण, मनोसामाजिक तथा आघातजन्य समस्या सामान्य अवस्थामा पनि समाजमा घटिरहेको पाइन्छ भने यस्ता विपद् (महामारी) जन्य अवस्था तथा द्वन्द्वको अवस्थामा अझ बढ्ने गरेको विभिन्न अनुभव, अध्ययन, अनुसन्धान तथा प्रतिवेदनहरुले देखाएको छ ।

माथिका सम्भावित जोखिमको विभिन्न आधारका साथै लामो समयदेखि बेरोजगार भई आफ्नो समुदाय तथा परिवारमा पीडकसँगै बस्नुपर्ने बाध्यताले महिला तथा बालबालिकामा हिंसा तथा शोषणका घटना बढ्नसक्ने सम्भावना रहेको र आत्महत्याका घटनाहरु पनि बढिरहेको परिप्रेक्ष्यमा सङ्कटासन्न (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक) समूहको संरक्षणका लागि प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिले कोरोना (COVID-19) भाइरस लगायत अन्य प्राकृतिक प्रकोपका कारणबाट उत्पन्न

[1] https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019 (As of 16 July 2021-GMT +7.21)
[2] https://covid19.mohp.gov.np/#/ (As of 6 June 2021 -10:25PM)
3 https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/60f15c1ba0178_SitRep523_COVID-19_16-07-2021_NP.pdf

हुने विपद्को परिस्थितिमा हुन सक्ने संरक्षण सम्बन्धीका सम्भाव्य जोखिमलाई सम्बोधन गर्न यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ ।

कोभिड १९ को दोस्रो लहर सामना गरिरहदा मधेश प्रदेशको कोभिड लगायत प्राकृतिक विपद्हरुको सम्बोधनका लागि गरिएका पूर्वतयारी, कमजोर भौतिक व्यवस्थापन आदिका कारण कदमकदाचित संक्रमितहरुको सङ्ख्या बढ्न गएको खण्डमा त्यसको तत्काल उचित सम्बोधन हुन सक्ने अवस्था रहेको छैन । प्रदेशका १३६ वटा पालिकाहरु मध्ये दक्षिणतर्फका सबै पालिकाहरु भारतसँगको खुला सिमानामा जोडिएको कारण मुख्य नाकाहरु बन्द गरिएको अवस्थामा पनि मानिसहरु सजिनै नेपाल भारत आवत जावत गर्न सक्ने तथा अवैध रुपमा लुकीछिपी संक्रमित व्यक्तिहरु समेत भारतबाट विभिन्न नाका हुँदै भित्रिएका कुरा सञ्चार माध्यममा प्रकाशित र प्रशारित भएको स्थितिलाई मध्यनजर गर्दै प्रदेश सरकारले विशेष गरी गाउँमा भारतबाट आएकाहरुको पहिचान र निगरानी गर्न आवश्यक सावधानी अपनाउन नसके भयाभह स्थिति आउन सक्ने देखिन्छ । युनिसेफ नेपालले २०७७ भाद्र महिनामा गरेको टेलिफोन सर्वेक्षणमा मधेश प्रदेश बाहेक अन्य प्रदेशका शहरी र कोभिड १९ को जोखिम भएको क्षेत्र तथा अनिवार्य गरिएको कार्यालय वा निकायमा माक्सको प्रयोग गरिएको पाइएको छ ।

मधेश प्रदेशमा कोरोनाको संक्रमणपछि जारी बन्दाबन्दी र निषेधाज्ञाको समयमा हिंसाका घटनाहरु बढ्न सक्ने अवस्थालाई प्रदेश प्रहरी, मधेश प्रदेशको तथ्याङ्कले पनि पुष्टी गरेको छ । गत बन्दाबन्दीभन्दा अगाडि ( कार्तिक देखि फाल्गुण २०७६) पाँच महिनाको अवधिमा जबरजस्ती करणीका १२९, जबरजस्ती करणी उद्योगका ४४, आत्महत्याका १३५ र घरेलु हिंसाका १६२४ घटनाहरु भएको देखिन्छ भने बन्दाबन्दी (२०७६ चैत्र देखि २०७७ श्रावण) को पाँच महिना कै अवधीमा जबरजस्ती करणीका १२८, जबरजस्ती करणी उद्योगका २९, आत्महत्याका २६१ र घरेलु हिंसा ८०० देखिएको थियो ।

**स्तम्भ चित्र नं. १**

**बन्दाबन्दी तथा निषेधाज्ञा जारी हुनु अघि र जारी भएको अवधिमा प्रदेश नं. २ मा भएका लैङ्गिक हिंसाका घटनाहरुको अवस्था**




*स्रोत: २ नं.प्रदेश जनकपुर महिला बालबालिका तथा जे.ना.सेवा केन्द्र*

माथि उल्लेखित तथ्याङ्क अनुसार चैत्र ९, २०७६ देखि श्रावण २०७७ सम्म बन्दाबन्दीको अवधिमा सङ्ख्यात्मक रुपमा घरेलु हिंसाको घटना सबैभन्दा उच्च स्थानमा रहेता पनि आत्महत्याको घटना दुईगुणाले बढेको छ । यस अवधिमा पनि विभिन्न प्रकृतिका घटनाहरु दर्ता भएको देखिन्छ । पछिल्लो पटक २०७७ साल चैत्र १ गतेदेखि २०७८ असार ३० सम्मको ३ महिनाको तथ्याङ्कलाई हेर्दा जबरजस्ती करणीका १२५ वटा, जबरजस्ती करणी उद्योगका २७, अपहरण तथा शरीर बन्धक गरी जबरजस्ती करणी उद्योगका १०, आत्महत्याका १७४, घरेलु हिंसाका ११८६, बहुबिवाहका २७, बोक्सीको आरोपका ८ र बालयौन दुराचारका ११ घटनाहरु दर्ता भएको देखिन्छ ।[3] तर, यौनहिंसाको घटना भने घटेको देखिन्छ । प्राप्त तथ्याङ्कको विश्लेषणबाट घटनाहरु भएता पनि कोभिड १९ को डर

[3] २ नं.प्र.प्र.का.जनकपुर म.बा.बा.तथा जे.ना.से.के.र सा.से.के. (१५ जेष्ठ २०७८)

त्रास तथा बन्दाबन्दी र निषेधाज्ञाका कारण सम्बन्धित निकायमा उजुरी गर्न नसकिएको वा दर्ता कम भएको अनुमान लगाउन सकिन्छ ।

कोभिड १९ को पहिलो र दोस्रो लहर सुरु भएपछिको अवधिमा भएका मुलत: जजक र जजक उद्योग, आत्महत्या र घरेलु हिंसाका घटनाहरुको संख्यामात्र हेर्ने हो भने पनि बन्दाबन्दी तथा निषेधाज्ञाको समयमा तुलनात्मक रुपमा संरक्षण सम्बन्धिका घटजाहरु ह्वात्तै बढेका छन् ।

मधेश प्रदेश बाढीजन्य प्रकोपबाट अत्यधिक मात्रामा प्रभावित हुने प्रदेशमध्येमा पनि पर्दछ । हरेक वर्ष बाढी, डुबान, कटान तथा पटानले हजारौं हेक्टर जमिन कटान हुने र बगरमा परिणत हुने गरेको छ । त्यसैगरी हरेक वर्ष चुरे क्षेत्रबाट बग्ने माटो, गेग्रानले नदी तथा खोलाको पिंध माथि उस्कदै आएको कारण वर्षातको समयमा खोला तथा नदीको पानी बस्तीभित्र पसेर डुबान हुने गरेको छ । यसका साथै छिमेकी राष्ट्र भारतद्वारा निर्माण गरिएको बाँध नेपाल सरकारद्वारा निर्माण गरिएको हुलाकी सडक, घरहरू बनाउँदा पानीले नडुब्ने गरी केही फिट माथि उठाएर नबनाउनु, बढ्दो तथा अव्यवस्थित शहरीकरण र पानी निकासको लागि व्यवस्थित ढल व्यवस्था नहुनु जस्ता विविध कारणहरूले गर्दा तराईका जिल्लाहरूमा डुबान, कटान र पटानको समस्या सृजना भएको देखिन्छ । तराईमा बाढी तथा डुबान शीर्षकको एक अध्ययनले सर्लाहीको लखनदेही नदीमा वर्षमा १७८००० मेट्रिक टन गेग्रानहरू थुप्रिने गरेकोर झण्डै ४५ वर्षको दौरानमा नदीको सतह २ मिटरले उस्किएर माथि आएको उल्लेख गरेको छ । राष्ट्रिय योजना आयोगको विपद् पछिको आवश्यकता लेखाजोखा सम्बन्धी एक प्रतिवेदनअनुसार वि.सं. २०७४ सालमा तराईमा आएको बाढी तथा डुबानले कूल ग्राहस्थ उत्पादनको ३ प्रतिशत क्षति गरेको थियो । यसैगरी गृह मन्त्रालयको तथ्याङ्कअनुसार बाढीबाट विगत १० वर्षमा १२५ जनाको मृत्यु, २६ जना हराएका, ४४८६ घरहरू प्रभावित भएको, करिब १७०० गाईवस्तुहरूको मृत्युभएको र झण्डै ६५ करोडको आर्थिक क्षति भएको छ । वर्षात्को समयमा अत्यधिक धनजनको क्षति गर्ने मधेश प्रदेश अर्न्तगत बग्ने नदी तथा खोलाहरू देहायबमोजिम छन्:

सप्तरी : कोशी, खाँडो, बलान, महुली, त्रियुगा, सुन्दरी, खडग, घोरदह, जीता
सिराहा : कमला, गागन, बलान, खुट्टी, सर्रे, बताहा, घुर्मी, जीवा, मैनावती
धनुषा : कमला, चारनाथ, जमुनी, जलाद, औरही, विघी, दूधमती
महोत्तरी : रातो, भब्सी (अंकुशी), जंघाहा, विग्ही
सर्लाही : लखनदेही, मनुस्मारा, सीम, बागमती
रौतहट : बागमती, लालबकैया, चाँदी, झाँझ
बारा : लालबकैया, घनसर, बगर, भमरा, लालखोला, पसाह, बंगरी, दूधौरी, काट नदी, बालगंगा, जमुनीर अरुवा
पर्सा : तिलावे, जमुनिया, भेडाहा, सिर्सिया, सरस्वता, ओरिया

मधेश प्रदेशमा पानीमा डुबेर मर्नेहरुको सङ्ख्या पनि उच्च रहेको छ । देशभरीमा रहेका कूल पोखरीहरु मध्ये ३९.४० प्रतिशत (१८,०९८ वटा) पोखरीहरु मधेश प्रदेशमा रहेका छन् । आर्थिक वर्ष २०७२।२०७३ देखि २०७७।२०७८ को ६ वर्षको अन्तरालमा कूल ५७६ बालिकाका पानीमा डुबेर मरेका छन्, जसमध्ये ७०.३१ प्रतिशत १० वर्षभन्दा मुनिका बालबालिका रहेका छन् । मुलत: वर्षायामको समयावधिमा पोखरी, खोला, नदी, खाल्डा आदिमा पानीको सतह बढ्ने र गर्मी छल्न नुहाउन जाने बालबालिका उनीहरुको अभिभावक एवम् पोखरी धनीका लापरवाही र बेवास्ताका कारण ज्यान गुमाइरहेका छन् ।

त्यसैले कोभिड १९ तथा बाढी लगायत अन्य सम्भाव्य प्राकृतिक एमव् मानव सृजित विपद्का समयमा आइपर्न सक्ने संरक्षण सम्बन्धीका जोखिमहरुलाई रोकथाम र उचित सम्बोधन गर्ने उद्देश्यले यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ ।

## २. उद्देश्यहरु

- कोरोना भाइरस तथा बाढी लगायत प्राकृतिक विपद्बाट उत्पन्न अवस्थामा सङ्टासन्न समूहका व्यक्तिमाथि हुने हिंसा, शोषण, दुर्व्यवहार, भेदभाव तथा बेवास्ताबाट संरक्षण गरी जीवनयापन सहज बनाउनु ।
- संरक्षणको उच्च जोखिममा रहेको जनसंख्या खासगरी महिला (गर्भवती र सुत्केरी), बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतालाई कोभिड १९ बाट पर्न सक्ने हिंसा, दुर्व्यवहार, शोषण, हेला र बेवास्ताबाट संरक्षण गर्नु ।
- प्रदेश स्तरीय संरक्षण विषयगत क्षेत्र समन्वय समितिले अन्तर विषयगत समिति समन्वयलाई प्रवर्द्धन गरी अन्य विषयगत क्षेत्रमा संरक्षणका सवालहरुलाई सम्बोधन गरिएको सुनिश्चित गर्नु ।

## ३. प्रदेशस्तरीय कोरोना संक्रमणको सम्भावित प्रभावको अवस्था

केन्द्रीय संरक्षण विषयगत क्षेत्रले २० मे २०२१ मा तयार गरेको प्रतिकार्य योजनामा उल्लेख भए अनुसार अनुमानित जनसङ्ख्या तथा अवस्थालाई आधार मानी प्रदेश २ मा देहाय बमोजिको सम्भावित अवस्थाको निर्धारण गरिएको छ र सोही अनुसार पूर्वतयारी र प्रतिकार्य योजना तयार गरिएको छ ।

### ३.१ संक्रमित र प्रभावितहरुको संरक्षण क्षेत्रअन्तर्गतको प्रत्यक्ष लक्ष्यित सङ्ख्या

**क) लक्ष्यित समूह:**

पहिलेदेखि तथा थप जोखिममा रहेकाहरु बहिष्करण, हिंसा तथा दुर्व्यवहार, प्रजनन् उमेर समूहका महिलाहरुमा केन्द्रित, बालबालिका तथा स्याहारकर्ताहरु, जेष्ठ नागरिक, आप्रवासीहरु, अपाङ्गता भएका व्यक्तिहरु, जातिय, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु र नागरिकता नभएका व्यक्तिहरु यस अन्तर्गत पर्दछन् ।

**ख) संरक्षण विषयगत क्षेत्रका सदस्यहरु/आवद्ध निकायहरु:**

यस प्रदेश स्तरिय संरक्षण विषयगत क्षेत्र समन्वय समिति अन्तर्गत तत्कालीन सामाजिक विकास मन्त्रालय र हाल महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको नेतृत्व र संयुक्त राष्ट्रसंघीय निकायहरु युनिसेफ र युएनएफपिएको सह-नेतृत्वदायी भूमिकामा अन्य सरकारी निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु, समुदायमा आधारित संघसंस्थाहरु गरी जम्मा ३० वटा संघसंस्थाहरु आवद्ध रहेका छन् ।

**ग) लक्ष्यित सङ्ख्या:**

केन्द्रिय संरक्षण विषयगत क्षेत्रको लक्ष्यित सङ्ख्या जम्मा ५,१८,००० निर्धारण गरिएको छ, जसमा लैङ्गिक हिंसाको जोखिममा रहेका १३२,९००, बालबालिका २२६,०००, मनोसामाजिक सहयोग आवश्यकता भएका व्यक्तिहरु १२६,०००, जोखिममा रहेका आप्रावासीहरु १५,००० र शरणार्थीहरुको सङ्ख्या २०,००० अनुमान गरिएको छ ।

प्रदेश नं. २ मा पनि केन्द्रिय संरक्षण विषयगत क्षेत्रको लक्ष्यित सङ्ख्याको अनुपातलाई आधार मानी करिव ४ प्रतिशतले वृद्धि गरी लक्ष्य निर्धारण गरिएको छ, जस अनुसार जम्मा लक्ष्यित सङ्ख्या ५९,००० हुन आउँछ र सोही अनुसार लैङ्गिक हिंसाको जोखिममा रहेकाको सङ्ख्या १७,७००, बालबालिकाको सङ्ख्या २५,९६०, मनोसामाजिक सहयोग आवश्यकता भएका व्यक्तिहरुको सङ्ख्या १७,११० र जोखिममा रहेका आप्रावासीहरुको सङ्ख्या ४,१३० जना हुने अनुमान गरिएको छ ।

## ४. वर्षायाम र विपद् जोखिमको अवस्था

यस वर्ष साउनको दोस्रो र तेस्रो साता बाढी, पहिरो लगायत पानी जन्य अन्य विपद् एकै पटक खप्टिने सम्भावना देखिएको छ । जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार यस वर्षको वर्षा विगत वर्षहरूका तुलनामा औसतभन्दा बढी हुने देखिन्छ । SASCOF र नेपाल मनसुन फोरमले यस वर्ष मध्य र उच्च हिमाली भागहरुमा सामान्य मनसुनभन्दा माथि हुन सक्ने, मध्य दक्षिणी र पूर्वी नेपालमा सामान्य मनसुन हुन सक्ने र दक्षिणी पूर्वी भागहरुमा सामान्य मनसुनभन्दा माथि हुन सक्ने तथा केन्द्रीकृत (concentrated) पानी पर्ने पूर्वानुमान गरेको छ । यस विश्लेषणका आधारमा पनि यस वर्षको मनसुनमा विपद्का घटनाहरू उल्लेख्य वृद्धि हुने आङ्कलन गर्न सकिन्छ । छोटो समयमै अत्याधिक भारी वर्षा (cloud burst) भएको खण्डमा स्वाभाविक रूपमा जलजन्य विपद्का घटनामा वृद्धि हुन्छ । यस पटकको pre–monsoon मा अरब सागरमा उत्पन्न भएको 'ताउ-ते' आँधी र मध्यपूर्वी बङ्गालको खाडीमा रहेको न्यून-चापिय प्रणालीले उत्पन्न गरेको चक्रवात (Cyclonic Storm) का कारण अत्याधिक पानी परेको र जमिन भिजिसकेको हुँदा मनसुनमा डुबान, कटान तथा पहिरोका घटनाहरूमा बढोत्तरी हुने देखिन्छ ।

बाढीको केसलोड, सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको DRR पोर्टल, विपद् पोर्टल र DOI/DWIDM र WFP तथ्याङ्कको आधारमा गरिएको विभिन्न वैज्ञानिक विश्लेषण अनुसार स्थायी र अस्थायी नदीको बाढीबाट २०२१ मा प्रभावित हुनसक्ने जनसङ्ख्या र पछिल्ला १० वर्षको प्रभावित औसत जनसङ्ख्या जिल्ला अनुसार तल तालिकामा प्रस्तुत् गरिएको छ ।

मनसुन २०२१ को लागि बाढी केस लोड अनुमान

| जिल्ला | स्थायी नदीको लागि भौगोलिक प्रणालीमा आधारित बाढी विश्लेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसङ्ख्या | अस्थायी नदीको लागि भौगोलिक प्रणालीमा आधारित बाढी विश्लेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसङ्ख्या | पछिल्ला १० वर्षको प्रभावित औसत जनसङ्ख्या (२०१०-२०२०) कूल केस लोड (जनसङ्ख्या) | कुल केस लोड (जनसङ्ख्या) |
|---|---|---|---|---|
| सप्तरी | ६,४५०.६३ | १३,१७३.५२ | १६,८६२.५० | १८,६५७.५८ |
| सिरहा | १२९,७२३.०१ | | ६९३.५ | १०२,१२८.२८ |
| धनुषा | ३३,१०१.०६ | १,४९६.७१ | १९७.७२ | २२,५५७.७५ |
| महोतरी | ५,४७७.९६ | ५,७८८.२५ | १०१,३०७.०५ | ४२,७८०.५१ |
| सर्लाही | ११२,७१५.२९ | ४८,११२.७६ | ३३६.७२ | १०४,६५६.०९ |
| रौतहट | १५८,३५५.३२ | १००,७९२.१५ | १,११६.२५ | १६८,८३६.५४ |
| बारा | | १,४३३.९७ | ५६४.३ | १,१२९.५९ |
| पर्सा | १२,६५१.४० | | ५९३.७५ | ८,४३१.२२ |
| कुल जम्मा | **४५८,४७४.६७** | **१७०,७६१.३६** | **१२१,६७१.७९** | **४६९,१७७.५६** |

स्रोत : मनसुन पूर्वतयारी र प्रतिकार्य योजना २०७८, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जनकपुरधाम

## ५. पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी मुख्य कार्यक्रमहरु

यस संरक्षण विषगत क्षेत्रको नेतृत्वदायी निकाय तत्कालीन प्रदेश सामाजिक विकास मन्त्रालय र हाल महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र सहनेतृत्वदायी निकायहरु सहित यस विषयगत क्षेत्रमा आवद्ध सम्पूर्ण सदस्यहरुको साझेदारी, समन्वय र सहकार्यमा कोरोना (कोभिड १९) र प्राकृतिक विपद्बाट प्रभावित सङ्कटासन्न र उच्च जोखिममा पर्न सक्ने समूहको संरक्षण सम्बन्धी जोखिमलाई सम्बोधन गर्नका निमित्त यस पूर्वतयारी तथा प्रतिकार्यका कार्यक्रमहरु तयार गरिएका छन् ।

### ५.१ पूर्वतयारी सम्बन्धी कार्यक्रमहरु :

- महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा पूर्वतयारीका लागि महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने हिंसा, शोषण, दुर्व्यवहार, हेला र भेदभावबाट संरक्षण गर्नका लागि विभिन्न सचेतना कार्यक्रमहरु (रेडियो सूचना, माइकिङ्ग) सञ्चालन गर्ने ।
- आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका, प्राकृतिक विपद्बाट प्रभावित र सिमानाकाबाट प्रवेश गर्ने व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क सङ्कलन, व्यवस्थापन तथा प्रतिवेदन तयार गर्ने ।
- सेवा प्रवाहमा निषेधाज्ञाको प्रभावको समयमै पहिचान तथा प्रतिकार्यको लागि सचेतना र तत्काल अनुगमन प्रणाली साथै संरक्षण अनुगमन प्रणालीको विकास र सम्पर्क विस्तार गर्ने ।
- रोजगारी गुमाएर घर फर्किएका आप्रवासी कामदारहरुलाई आपत्कालिन सहयोग साथै सामाजिक तथा आर्थिक पुन:स्थापनाको लागि सहयोग गर्न लेखाजोखा गर्ने ।
- बाढी लगायत प्राकृतिक विपद्बाट प्रभावित र सिमानाकाबाट प्रवेश गरेका र आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका महिला (सुत्केरी तथा गर्भवती), बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भएका व्यक्तिहरुको विवरण सङ्कलन गरी आवश्यक सहयोगका लागि समन्वय गर्ने ।

- प्राकृतिक विपद्बाट प्रभावित र खुला सिमानाकाबाट प्रवेश गरेका र आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका किशोरी तथा महिलाहरुका लागि महिनावारी सरसफाई व्यवस्थापन सामाग्री भएको सुनिश्चित गर्ने ।
- स्थानीय सरकारहरुसँगको समन्वयमा बाढीबाट प्रभावित हुन सक्ने सम्भाव्य जोखिममा रहेका समुदाय तथा डुबेर मृत्यु हुन सक्ने जोखिम रहेका स्थानहरुको पहिचान गरी सूची निर्माण गर्ने ।
- संरक्षण समूहको पूर्वतयारी र प्रतिकार्य क्षमता नक्साङ्कन गर्ने ।
- प्रदेश भरी रहेका मनोसामाजिक मनोविमर्शकर्ताहरु र सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको नक्साङ्कन तथा अद्यावधिक गरी आवश्यकता अनुसार परिचालन गर्ने ।
- महिला तथा बालबालिकाका लागि आवश्यक सेवाको सुनिश्चताका लागि समन्वय र सहकार्यका संयन्त्रहरुको निर्माण गर्ने ।
- पालिकाहरुको समन्वय र सहयोगमा कोरोनाबाट प्रभावित, परिवारवाट छुट्टिएका, अलग्याइएका र अन्य जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने ।
- स्वास्थ्य क्षेत्रसँगको आवश्यक समन्वय र सहकार्य गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको लागि आवश्यक सेवाको लागि पैरवी गर्ने ।
- सङ्कटासन्न समूहका लागि आपत्कालीन राहत सामग्रीहरू (PEP kit, Dignity kits, Female and Child friendly safe spaces kits, recreational kit, बालबालिकाका लागि कपडाहरू आदि) को भण्डारण गर्ने ।
- कोरोना भाइरस, प्राकृतिक विपद् एवम् डुबेर हुने मृत्यु लगायतको कारणले बालबालिका तथा महिलामा पार्ने संरक्षण सम्बन्धी जोखिम र यसको समाधानको उपायहरु सहितको रेडियो PSA र छोटा सूचना सामग्री तथा हटलाइन नम्बरहरु (बालहेल्प लाइन १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, राष्ट्रिय महिला आयोग ११४५, नेपाल प्रहरी १००, बेचबिखन भएमा ११७७) सहितको अन्य सूचना, शिक्षा र सञ्चार सामग्रीहरु (पोष्टर, पाम्फ्लेट, पर्चा, होडिङ्ग बोर्ड, माइकिङ्ग, डिस्प्ले फ्लेक्स आदि) तयार गरी व्यापक रुपमा प्रसारण र वितरण गर्ने ।
- कोरोना (कोभिड १९) भाइरस तथा बाढी लगायत प्राकृतिक विपद्का समयमा हुने संरक्षणका सवालहरु बारेमा रेडियो कार्यक्रम सञ्चालन तथा प्रसारण गर्ने ।
- एसएमएस, ब्लग, अनलाइन समाचार, सामाजिक सञ्जालका माध्यम तथा लेख लगायतका सामग्रीहरु उत्पादन, तयारी, प्रकाशन तथा प्रसारण गर्ने ।
- पालिका तथा वडा स्तरीय बालअधिकार समिति गठन गरी क्षमता अभिवृद्धि गर्ने ।
- प्रदेश स्तरमा बाल संरक्षण तथा लैङ्गिक हिंसा सम्बन्धी सूचना व्यवस्थापन प्रणालीका लागि सूचना कक्ष स्थापना गरी अद्यावधिक गर्ने ।
- बाढी लगायंत प्राकृतिक विपद् पश्चात सञ्चालन गरिने बालमैत्री स्थल सम्बन्धी जनशक्ति उत्पादन गर्ने ।

**५.२ पूर्व तयारी सम्बन्धी कार्यक्रमहरु गर्नका लागि अनुमानित खर्च (प्रत्यक्ष लक्षित अनुमानित संख्या ५९,००० पहिलो अवस्था) ।**

| क्र.सं. | कार्यक्रम | अनुमानित रकम रु. | लक्षित क्षेत्र |
|---|---|---|---|
| १. | प्रदेश भरी रहेका मानोसामाजिक मनोविमर्शकर्ताहरुको तथ्याङ्क सङ्कलन र अद्यावधिक गरी आवश्यकता अनुसार परिचालन गर्ने । | २२,००,०००।- | प्रदेश स्तरीय |
| २. | प्रदेश स्तरमा बाल संरक्षण तथा लैङ्गिक हिंसा सम्बन्धी सूचना व्यवस्थापन प्रणालीका लागि सूचना कक्ष स्थापना गरी अद्यावधिक गर्ने । | ८,००,०००।- | प्रदेश स्तरीय |
| ३. | संरक्षण समूहको पूर्वतयारी र प्रतिकार्य क्षमता नक्साङ्कन र मानोसामाजिक मनोविमर्शकर्ताहरुको नक्साङ्कन गरी आवश्यकता अनुसार परिचालन गर्ने । | ५,००,०००।- | जिल्ला र पालिका स्तरीय |

| | | | |
|---|---|---|---|
| ४. | प्राकृतिक विपद्, डुबेर हुने मृत्यु तथा कोरोना भाइरसको कारणले बालबालिका तथा महिलामा पार्ने संरक्षण सम्बन्धी जोखिम र यसको समाधानको उपायहरु सहितको रेडियो PSA Jingle तथा अन्य IEC Meterialas (Hoardibg board, Poster, Pumplate, Flyer) हरु तयार गरी व्यापक रुपमा प्रसारण र वितरण गर्ने । | ११,००,०००। - | प्रदेश तथा जिल्ला स्तरीय |
| ५. | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा पूर्वतयारीका लागि महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने हिंसा, शोषण, दुर्व्यवहार, हेला र भेदभावबाट संरक्षण गर्नका लागि विभिन्न सचेतना कार्यक्रमहरु (रेडियो सूचना, माइकिङ्ग) सञ्चालन्त गर्ने । | ९,००,०००।- | कम्तिमा प्रत्येक जिल्ला एक एक रेडियो |
| ६. | सङ्कटासन्न समूहका लागि आपत्कालीन राहत सामग्रीहरू (PEP kit, Dignity kits, Female and Child friendly safe spaces kits, recreational kit, बालबालिकाका लागि कपडाहरू आदि) को भण्डारण गर्ने । | १६,००,०००।- | प्रदेश तथा पालिका स्तरीय |

## ६. प्रतिकार्य सम्बन्धी कार्यक्रमहरु

- सुरक्षाकर्मीहरुसँग समन्वय गरी विभिन्न संरक्षणका मुद्दाहरु जस्तै: लैङ्गिक हिंसा तथा अन्य हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाहरु भएमा उजुरी लिनका लागि पहल गर्ने ।
- संरक्षण समूहले प्रदेश विपद् व्यवस्थापन समिति, स्वास्थ्य विषयगत समूह, शिक्षा विषयतग समूह लगायत अन्य समूहहरुसँग नियमित समन्वय र सहकार्य गर्ने ।
- महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा प्रतिकार्यका लागि महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने थप हिंसा, दुर्व्यर्वहार, शोषण, हेला र भेदभावबाट संरक्षणका लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु (रेडियो सूचना, माइकिङ्ग आदि ) सञ्चालन गर्ने ।
- स्वास्थ्य र पोषण विषयगत क्षेत्रसँग आवश्यक सहकार्य गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक स्वास्थ्य सेवा, पोषण र विशेष सेवाको लागि पैरवी गर्ने ।
- महिला तथा किशोरीहरुका प्रजनन् स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य क्षेत्रसँगको समन्वयमा आवश्यकता अनुसार **आप्तकालिन सहयोग** गर्ने ।
- पीडित तथा प्रभावित परिवारको लागि मनोसामाजिक परामर्श तथा मनोविमर्श सेवा प्रदान गर्ने,
- अभिभावकहरुमा कोरोनाको संक्रमण भई मृत्यु भएमा स्थानीय सरकार, महिला बालबालिका, जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्, बालबालिका स्वयम् र उनीहरुको संरक्षक लगायतसँग समन्वय गरी उनीहरुका बालबालिकालाई आवश्यक वैकल्पिक स्याहारको व्यवस्थापन गर्ने ।
- बालबालिकामा हुने सम्भावित दुर्व्यवहार, हिंसा र लाञ्छना कम गर्न अभिभावक शिक्षा, बालचौतारी जस्ता रेडियो कार्यक्रम सञ्चालन गर्ने ।
- अवस्था र आवश्यकताका आधार (गर्भवती तथा सुत्केरी महिला, बालगृहमा रहेका, सडक बालबालिका तथा सिमान्तकृत समुदाय सहित) मा राहत सामग्री सहयोग गर्ने ।
- अत्यावश्यक Life saving सामाग्रीहरु जस्तै dignity kits, *kishori* (adolescent) kits आवश्यकता अनुसार वितरण गर्ने ।
- कोभिड १९ र प्राकृतिक विपद्को समयमा नेपाल सरकारबाट वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्ता (वृद्धभत्ता, बालपोषण भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता आदि) सम्बन्धित लक्षित समूहले प्राप्त गर्नमा पैरवी र सहजीकरण गर्ने ।

- सेवा प्रवाहमा निषेधाज्ञाको प्रभावको समयमै पहिचान तथा प्रतिकार्यको लागि सचेतना र तत्काल अनुगमन प्रणाली साथै संरक्षण अनुगमन प्रणालीको विकास र सम्पर्क विस्तार गरी कार्य सुचारु गर्ने ।
- रोजगारी गुमाएर घर फर्किएका आप्रवासी कामदारहरुलाई आपत्कालिन सहयोग साथै सामाजिक तथा आर्थिक पुनःस्थापनाको लागि सहयोग गर्ने ।
- बालमैत्री स्थल निर्माण र सञ्चालन गर्ने ।

**६.१ प्रतिकार्य सम्बन्धी कार्यक्रमहरु गर्नका लागि अनुमानित खर्च (प्रत्यक्ष लक्षित अनुमानित संख्या ५९,००० पहिलो अवस्था) ।**

| क्र.सं. | कार्यक्रम | अनुमानित रकम रु: | लक्षित क्षेत्र |
|---|---|---|---|
| १. | सुरक्षाकर्मीहरुसँग समन्वय गरी विभिन्न संरक्षणका मुद्दाहरु जस्तैः लैङ्गिक हिंसा तथा अन्य हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाहरु भएमा उजुरी लिनका लागि पहल गर्ने । | ५,००,०००।- | सम्पूर्ण स्थानीय तहका प्रहरी कार्यालय |
| २. | संरक्षण समूहले प्रदेश विपद् व्यवस्थापन समिति, स्वास्थ्य विषयगत समूह, शिक्षा विषयतग समूह लगायत अन्य समूहहरुसँग नियमित समन्वय र सहकार्य गर्ने | ० | प्रदेश, जिल्ला, स्थानीय तह |
| ३. | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा प्रतिकार्यका लागि महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका र यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने हिंसा, दूव्यर्वहार, शोषण, हेला र भेदभावबाट संरक्षणका लागि विभिन्न सचेतना कार्यक्रमहरु ( रेडियो सूचना, माइकिङ्ग) सञ्चालन गर्ने । | ९,००,०००।- | कम्तिमा प्रत्येक जिल्ला का एक एक रेडियो |
| ४. | स्वास्थ्य क्षेत्रसँग आवश्यक सहकार्य गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका र यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुको लागि आवश्यक तथा विशेष सेवाको लागि पैरवी गर्ने । | ६,००,०००।- | जिल्ला अस्पताल तथा स्वास्थ्य चौकी |
| ५. | पीडित तथा प्रभावित परिवारको लागि मनोसामाजिक मनोविमर्श सेवा प्रदान गर्ने । | १६,००,०००।- | प्रदेश, जिल्ला र पालिका स्तरीय |
| ६. | अभिभावकहरुमा संक्रमण भएमा बालबालिकालाई आवश्यक वैकल्पिक स्याहारको व्यवस्थापन गर्ने । | ११,००,०००।- | जिल्ला तथा स्थानीय तह |
| ७. | बालबालिकामा हुने थप सम्भावित दुर्व्यवहार, हिंसा र लाञ्छना कम गर्न अभिभावक शिक्षा, किशोरी शिक्षा बालचौतारी जस्ता रेडियो कार्यक्रम सञ्चालन गर्ने । | ११,००,०००।- | प्रदेश तथा जिल्ला तह |
| ८. | महिला तथा किशोरीहरुका प्रजनन् स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य क्षेत्रसँगको समन्वयमा आवश्यकता अनुसार आप्तकालिन सहयोग गर्ने | ८,००,०००।- | जिल्ला तथा स्थानीय तह |
| ९. | पालिका तथा वडा स्तरीय बालअधिकार समिति गठन तथा क्षमता अभिवृद्धि गर्ने । | ९,००,०००।- | स्थानीय तह |
| १०. | अवस्था र आवश्यकताका आधार (बालगृहमा रहेका, सडक बालबालिका तथा सिमान्तकृत समुदाय सहित) मा राहत सामग्री सहयोग गर्ने । | ४०,००,०००।- | स्थानीय तह |
| ११. | अत्यावश्यक Life saving सामाग्रीहरु जस्तै dignity kits, *kishori* (adolescent) kits आवश्यकता अनुसार वितरण खर्च । | ९,००,०००।- | जिल्ला तथा स्थानीय तह |

**७. अन्य विषयगत क्षेत्रहरुसँग संरक्षणको सम्बन्ध**

**७.१. शिक्षा र संरक्षण**

| क्र.सं. | पूर्वतयारी | प्रतिकार्य | कैफियत |
|---|---|---|---|
| १. | विभिन्न उमेरका बालक र बालिकाको लागि सञ्चालन गरिने औपचारिक र अनौपचारिक | विभिन्न उमेरका बालक र बालिकाको लागि सञ्चालन गरिएका औपचारिक र | |

| | | | |
|---|---|---|---|
| | सिकाइ स्थलहरु सुरक्षित भएको कुरा लेखाजोखाबाट सुनिश्चित गर्ने । | अनौपचारिक सिकाइ स्थलहरुको नियमित लेखाजोखा गर्ने र आवश्यकता अनुसार व्यक्तिगत सुरक्षाका सामग्रीहरु (मास्क, सेनिटाइजर, साबुन आदि) उपलब्ध गराउने । | |
| २. | विद्यालय र अन्य सिकाई केन्द्रहरुमा जानसक्ने र नसक्ने विभिन्न उमेर समूहका बालक र बालिका, अपाङ्गता भएका बालबालिका लगायतको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने । | विद्यालय र अन्य सिकाइ केन्द्रबाट बन्चित बालबालिकाका लागि वैकल्पिक कक्षा सञ्चालन गर्ने । | |
| ३. | विद्यालयका शिक्षक तथा अनौपचारिक सिकाइ केन्द्र सञ्चालन गर्ने सहजकर्ताहरुका लागि बालसंरक्षण चुनौति र तिनीहरुलाई सामना गर्ने रणनीतिका विषयमा तालिम सञ्चालन गर्ने । | विद्यालयका शिक्षक तथा अनौपचारिक सिकाइ केन्द्र सञ्चालन गर्ने सहजकर्ताहरुसँग बालसंरक्षण सवाल र चुनौतिका विषयमा भेटघाट, अन्तरक्रिया, बैठक आदि सञ्चालन गर्ने । | |
| ४. | विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अन्य कर्मचारीहरुका लागि बालसंरक्षण आचारसंहिता निर्माण गरी सबैबाट अनुमोदन गर्ने । | बालसंरक्षण आचारसंहिता पालनाको अवस्थाबारे छलफल र उल्लंघनकर्तालाई कारवाही गर्ने । | |
| ५. | स्थानीय पालिकामार्फत विद्यालयमा विद्यमान गुनासो सुनुवाई समितिहरुको लेखाजोखा गर्ने । | स्थानीय पालिकामार्फत गुनासो सुनुवाई समितिहरुको सक्रियता बढाउने । | |
| ६. | कोरोना भाइरसको संक्रमणको असरका कारण बालबालिकामाथि हुनसक्ने सम्भाव्य दुर्व्यवहार, हेला, शोषण, भेदभाव, हिंसा, बालविवाह जस्ता सवालहरुबारे विद्यार्थीहरु र उनीहरुको परिवारमा नियमित सचेतना अभिवृद्धिका गतिविधिहरु सञ्चालन गर्ने र सेवा प्रदायक निकायहरुबारे जानकारी आदान प्रदान गर्ने । | घरपरिवार र समुदायमा बालबालिकामाथि हुनसक्ने सम्भाव्य दुर्व्यवहार, हेला, शोषण, भेदभाव, हिंसा र बालविवाह जस्ता सवालहरु भए नभएको बारे छलफल गर्ने । | |
| ७. | मनोसामाजिक समस्या भएका बालबालिकाको पहिचान र मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने । | पहिचान भएका बालबालिकाले मनोसामाजिक सेवा प्राप्त गरेको जानकारी नियमित रुपमा संरक्षण विषयगत क्षेत्रले अद्यावधिक गर्ने र विद्यालयका शिक्षकहरुलाई मनोसामाजिक सहयोग सम्बन्धी तालिम दिने तथा तनाव कम गर्ने क्रियाकलापहरु सञ्चालन गर्ने । | |
| ८. | संरक्षण सम्बन्धी घटना भएमा सोको व्यवस्थापनका लागि सिफरिस गरिने सेवा प्रदायकहरुको नकसाङ्कन गर्ने । | संरक्षण सम्बन्धी घटना भएमा घटनाको प्रकृति हेरी आन्तरिक प्रक्रिया र सिफरिस प्रणालीमार्फत सम्बोधन गर्ने । | |
| ९. | खानेपानी तथा सरसफाइ विषयगत क्षेत्र समूहसँगको सहकार्यमा विद्यालय सञ्चालनको समयमा विद्यार्थी सङ्ख्याका आधारमा प्रर्याप्त मात्रामा पिउने पानी र छात्रा तथा छात्रका | पिउने पानी र छात्रा तथा छात्रका लागि पानी र हातधुने साबुन सहितको शौचालय व्यवस्थापनलाई निरन्तरता दिन खानेपानी | |

| | | | |
|---|---|---|---|
| | लागि पानी र हातधुने साबुन सहितको शौचालय व्यवस्था गर्ने । | तथा सरसफाइ विषयगत क्षेत्र समूहसँग निरन्तर समन्वय र सहकार्य गर्ने । | |
| १०. | स्थानीय पालिका तथा सम्बन्धित विद्यालय तथा बालक्लबसँगको सहकार्यमा छात्राहरुका लागि किशोरीमैत्री शौचालय, सेनेटरी प्याड र चेन्जिङ रुमको व्यवस्था गर्ने । | आवश्यकता अनुसार सेफ्टी प्याड व्यवस्थापनमा सहयोग गर्ने । | |
| ११. | विद्यालयका भौतिक संरचनाहरुलाई लैङ्गिक तथा अपाङ्गतामैत्री बनाउने । | लैङ्गिक तथा अपाङ्गतामैत्री संरचनाहरु भएनभएको बारे स्थलगत अनुगमन गर्ने र भत्किए, बिग्रिएको अवस्थामा मर्मत संभारका लागि सम्बन्धित निकायसँग पहल कदमी गर्ने । | स्थानीय सरकार तथा सम्बन्धित विद्यालय |

## ७.२. खानेपानी, सरसफाई र संरक्षण

| क.सं. | पूर्वतयारी | प्रतिकार्य | कैफियत |
|---|---|---|---|
| १. | परीक्षणबास (Quarantine) तथा एकान्तबास ( Isolation) मा बालक र बालिकाको लागि भिन्नाभिन्नै साबुन पानी सहितको हातधुने ठाउँको व्यवस्था सुनिश्चित गर्ने । | परीक्षणबास (Quarantine) तथा एकान्तबास (Isolation) मा बालक र बालिकाको लागि भिन्नाभिन्नै साबुन पानी सहितका हातधुने ठाउँको व्यवस्था सुनिश्चित गर्नमा सहयोग गर्ने । | |
| २. | समुदायहरुमा साबुन पानीले मिचीमिची हातधुने तरिकाबारे व्यापक रुपमा प्रचार प्रसार गर्ने । | आवश्यकता अनुसार समुदायमा साबुन पानी सहितको हातधुने सार्वजनिक स्थलहरुको निर्माण गर्ने । | |
| ३. | विद्यालयहरुमा बालमैत्री WASH सुविधा बनाउनमा सहजीकरण गर्ने र यी सुविधाहरु बालबालिकाको पहुँचमा हुने गरी सुरक्षित स्थानमा भएको कुरा सुनिश्चित गर्ने । | विद्यालयहरुमा बालमैत्री WASH सुविधा बनाउनमा सहयोग गर्ने र सोको अनुगमन गरी बालबालिकाको पहुँचमा हुने गरी सुरक्षित स्थानमा भएको कुरा सुनिश्चित गर्ने । | |
| ४. | WASH सँग सम्बन्धित भौतिक संरचनाको निर्माणमा बालश्रमको प्रयोग नगर्ने । | WASH सँग सम्बन्धित भौतिक संरचनाको निर्माणमा बालश्रमको प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने । | |
